# "दोस्रो चौमासिक सार्वजनिक सुनुवाई प्रतिवेदन आ.ब. २०७७/०७८ "

रामधुनी नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यबिधि २०७६ बमोजिम सार्वजानिक सुनुवाई कार्यक्रम मार्फत नगरपालीकाको प्रशासनिक तथा विकास कार्यक्रमहरुको अझ प्रभावकारी, पारदर्शिता बनाउदै जनताको प्रतयक्ष सहभागीता र जवाफ देहितालाई सुनिश्चित गर्दै लैजानकालागी रामधुनी नगरपालीकाको आयोजना तथा शुभ युगमिडिया प्रा.ली. सहजीकरणमा "सार्वजानिक सुनुवाई कार्यक्रम"मिति २०७७।१२।३१ गते मंगलवारका दिन सम्पन्न गरियो ।

१) **सार्वजानिक सुनुवाई संयोजन गर्ने ब्यक्तिको नाम,थर र ठेगाना :** शिशिर भट्टराई रामधुनी न.पा. ५, शुभ युगमिडिया प्रा.ली.रामधुनी

२) **सुनुवाई गरिएका बिषय बस्तुहरु :**

क) बजार ब्यवस्थापन

ख) स्वस्थ्य सरसफाई तथा खानेपानी

ग) न.पा. ले आ.ब. २०७७।७८ को दोस्रो चौमासिकमा गरेका बिकासे कार्यक्रमहरुबारे

घ) भौतिक तथा निर्माण एवं शुसासन

ङ) आय ब्यय

**३) कार्यक्रम आयोजक स्थल :- रामधुनी नगरपालीकाको प्राङ्गनमा**

**४) कार्यक्रम आयोजना गरिएका मिति र समय :** २०७७।१२। ३१ गते दिउसो १:०० बजे

**५) कार्यक्रम सञ्चालन गरिएको समय अवधि (घण्टा/मिनेट :** ४ घण्टा ३५ मिनट

**६) सहभागी संख्या : १२४ जना**

**७) नागरीक प्रतिवेदन (citizen report card) सर्वेक्षणको सहभागी संख्या :** ५०

**८) बर्हिगमन अभिमत (exit poll) सर्वेक्षणको सहभागी संख्या :** ५०

**९) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत सम्पादन :** शुभयुग मिडिया प्रा.ली. (सुनिल चौधरी)

**१०)आय ब्यय तथा प्रगती विवरण प्रस्तुत :** ओमकार न्यौपाने(प्रमुख प्रशासकिय अधिकृत)

**११)कार्यक्रमको अध्यक्षता :** उपमेयर - सबिना चौधरी

**१२) उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम,थर र | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीक ोनाम,थर र ठेगान ा | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | निशान चौधरी रामधुनी न.पा. १ झुम्का | **क)** नगरपालिकाले ब्यवसाय कर लिए पनि ब्यवसाय प्रवर्द्धनकालागी योजना आएन, चैत्रको हावाहुरीले धुलोले ब्यवसायमा असर परेको छ नियन्त्रणका योजना खोइ ?<br>**ख)** खुल्ला पशु बध ब्यवस्थापन भएन ।<br>**ग)** खसी बधशालाको पुनर निर्माणमा चासो खोई ? | क) रुद्र बस्नेत ८ नं. वडा अध्यक्ष<br>ख) डेगराज फुयाल वडा नं. ५ वडा अध्यक्ष | नगरपालिकाको खर्च ब्यवस्थापनको समस्याले ब्यवसायहरुको प्रवर्द्धनमा ढिलाई भएको छ । बधशालाको मर्मत समभार लगायतका ब्यवस्थापन गर्न प्रकृया अगाडी सारेका छौ । |
| २. | दिलबहादु राई रामधुनी न.पा. ५ झुम्का | **क)** कोरोना नियन्त्रणकालागी के गर्दै छन ?<br>**ख)** रामधुनी मन्दिर जानेबाटो मर्मत सम्भारको अभाव<br>ग) सिंगिया जनतामाबिको आर्थिक हिनामिना भएको अवस्था के हुदै छन् ? | क) डेगराज फुयाल वडा नं. ५ वडा अध्यक्ष | कोरोना नियन्त्रणकालागी वडा नं. ५ मा कोभिड अस्पतालको स्थापना गरेका छौ । धुलो नियन्त्रणकोलागी पानि छर्किने कार्य हुदै छ ।मन्दिर जानेबाटे प्रदेश सरकारबाट २५ लाखको सम्पुरक अनुदानबाट मर्मत सम्भार गर्ने योजना रहेको छ । जनता माबि सिंगियाको आर्थिक हिनामिनाको अवस्था भन्नु पर्दा ५ जनाको छानबिन समितिको प्रतिवेदन पछि अडिट गर्ने कार्य अगाडी बढाएका छौ । |
| ३ | बिपलब अधिकारी राधुनी ५ हसनपुर | **क)** जेष्ठ नागरीकले सुबिधा पाउनु पर्ने नितिको कार्यन्व्यन<br>**ख)** आर्गानिक कृषि उत्पादनमा जोड दिन के हुदै छ । | क) ओमकार न्यौपाने (प्रमुख प्रशासकिय अधिकृत) | जेष्ठनागरिकको सुबिधा यस नगरपालिकाबाट सहज रुपमा प्रदान गर्दै छौ कमि कमजोरी भए ब्यवस्थापन गर्ने प्रतिबद्धछौ । कृषिकालागी नगरपालिकाबाट अनुदानहरु उपलब्ध गराउदै छौ किसानहरुले चासोका साथ लाग्नु पर्ने छ । |

| | | | | |
|---|---|---|---|---|
| ४ | पुष्प प्याकुरेल रामधुनी वडा नं. ६ बक्लौरी | **क)** बर्षा याममा खोला हुदै धरानको फोहोर रामधुनी ६ न. मा ल्याउछन् यसको ब्यवस्थापन के छ ?<br>**ख)** सिसुवा प्रहरीबिटमा प्रहरीको दरबन्दिछ प्रहरी बस्दैनन् ?<br>**ग)** नगरको भित्रिबाटोहरुमा धुलो नियन्त्रण भएको छैनन् कस्ले गर्ने हो ?<br>**घ)** मरेका गाइबस्तु जथाभावि प्याक्ने गर्छ ब्यवस्थापनमा के गर्न सकिन्छ ? | क) ओमकार न्यौपाने (प्रमुख प्रशासकिय अधिकृत)<br>ख) सबिना चौधरी( उपमेयर) | ब्र्षा यामकै बेलामा आएको फोहोर त्यति खेर ब्यवस्थापन गर्न सकिने भएकोले सो अवस्थामा नगरपालिकालाई जानकारी दिन आवश्यक छ । गाइ बस्तु मरेकालाई नगरपालिकाको मात्र नभएर नागरीकको पनि दायित्व रहेकोले पहलहुन आवश्यक छ । न्यायिक समितिको क्षेत्र अधिकारको हेरी रहेका छौ धेरै निवेदनको पहल कार्यन्व्यनन भएको छ । मेलमिलाप गरेका छौ । रु निरन्तरता दिदै जाने छौ । |
| ५ | धिरेन्द्र चौधरी रामधुनी ९ मर्चैया | **क)** नागरिक प्रतिवेदन अनुसार प्राबिधिकले योजना जाँच पास गर्दा रकम मागेर लिन्छ यसलाई के गर्न सकिन्छ ?<br>**ख)** कार्यलयमा रसिद काट्न जादा अतिरिक्त रमक लिने भनेर आएको छ के हो यो ? | क) ओमकार न्यौपाने (प्रमुख प्रशासकिय अधिकृत)<br>ख) वडा नं. ५ वडा अध्यक्ष डेगराज फुयाल | आएको समस्या प्रति खोजिगरी लिएको पाए कार्वाहि गर्ने छौ । वडा नं. ५ मा त्यासतो कार्य गरेका छैन भए सो कर्मचारीलाई बर्खास्त सम्म गर्ने छौं |
| ६ | किशोरी भट्टराई रामधुनी ५ झुम्का, | **क)** कृषिमा थप लगानीको आवश्यता रहेपनि भएको पनि कटौती भयो किन ?<br>**ख)** घटना दर्ता गर्न छुटेको सहयोग गर्ने छौं । | क) ओमकार न्यौपाने (प्रमुख प्रशासकिय अधिकृत) | कृषिमा बिनियोजित लगानी रकम माथिल्लो निकायबाट नआएकोले घटाउनु परेकोले कम रकम बिनियोजन भएको हो । घटना दर्ता भै रहेकोले सबैले दर्ता गर्न हुन अनुरोध गरेका छन् । |

| | | | | |
|---|---|---|---|---|
| ७ | चुडा मणि सिग्देल रामधुनी ३ | **क)** बेरुजु रकम के हुदै छ ?<br>**ख)** पेश्की फछर्यौटमा के छन् अवस्था ? | क) ओमकार न्यौपाने (प्रमुख प्रशासकिय अधिकृत) | तिन सालको बेरुजु रकम १ करोड भएपनि सम्बन्धित हरु संग पत्रचारगरी उठाउने कार्य भैरहेको छ । फेश्की फछर्यौट सबै भै सकेको छ । हटिया र बधशालाको बेरुजु रहेकोले उठाउने |
| ८. | नेत्र गौतम रामधुनी ५ हसनपुर | **क)** लामखुटे नियन्त्रण गर्नु पर्ो अवस्था छ ।<br>**ख)** गुणस्तर खाद्ययान्नको अनुगमन हुन सकेको छैन् किन ? | क) वडा नं. ५ वडा अध्यक्ष डेगराज फुयाल | लमखुटे नियन्त्रणमा औषधि छर्किने कार्य गर्ने छौ । यसका लागी छलफल चलाउने छौ । उपभोक्ताकालागी गुास्तर खाद्ययान्न उपभोग गर्न अनुगमनको पाटोमा ध्यान |
| ९ | केदार श्रेष्ठ रामधुनी १ झुम्का | **क)** खानेपानि लिन शुल्क अत्याधिक भयो | क) केशीलाल चौधरी( खानेपानि अधयक्ष) | शुल्क अरु नगरपालिका भन्दा कमै रहेको छ । एडिबीको सहयोगमा खानेपानि निर्माण गर्नु भएकोले जनश्रमदान जुटाउनु पर्ने अवस्थाले उपभोक्ताहरु माझ सो रकम बराबर लिइरहेका छौ । |
| १० | प्रकाश तामाङ्ग रामधुनी ५ | **क)** बारुण यन्त्र ल्याउने अवस्थाका योजना के भयो ? | क) ओमकार न्यौपाने (प्रमुख प्रशासकिय अधिकृत) | आगामी बर्षको योजनामा खरिद प्रकृयालाई प्राथमित्तामा राख्ने छौं । |
| ११ | नबिन चौधरी रामधुनी ९ | **क)** प्रधानमन्त्री रोजगार कार्यक्मका छनौट भएकालाई काम गराउनेमा ब्यवस्थापन भएन<br>ख)कृषि अनुदानमा अनुदान भन्दा बढि रकम लिने गरेको छ । | क) ओमकार न्यौपाने (प्रमुख प्रशासकिय अधिकृत) | प्रधान मन्त्रि रोजगार कार्यक्रममा २२ वटा योजना २२ लाखको बजेट अनुसार अनुगमन हामि सबैको दायित्व रहेको छ । ब्यवस्थापनको पछमा तत्काल करेक्शन गर्ने छौं । |

| | | | | |
|---|---|---|---|---|
| १२ | रिसिकेश पराजुली रामधुनी ५ | **क)** कारागारको पानि अव्यवस्थितले दुर्गनधित भै रहेको छ ।<br><br>**ख)**नहरको डिलमा बसोबास गरेका हरु बंगुरपालन गरेर दुर्घन्ध बनाउदै छ व्यवस्थापन खोई । | क) वडा नं. ५ वडा अध्यक्ष डेगराज फुयाल | व्यवस्थापनकालागी सर्वे गर्दै छौ छिटै सामाधान हुने छ । |
| १३ | सुरेश साह | **क)** रामधुनी वडा नं. २ पर्सा गाछीको काले पत्रे अलपत्र भयो ।<br><br>**ख)**नगरपालिकाको कर्मचारीले खाएको खाना नास्ताको पैसा नगरपालिकाले पसललेलाई तिरेन किन ? | क) सबिना चौधरी उपमेयर | तपाई वडा सदस्य हुनुहुन्छ तपाईले नै कार्यन्वयन गर्नु पर्ने प्रशन गर्नु भन्दा पनि वडाबाट दवाब सिर्जना गर्नुपर्ने हो । |

प्रतिवेदन दिएका मितिः सार्वजनिक सुनुवाइ संयोजकको दस्तखत :

## १३. गुनासो पिरमार्काको अभिलेख

| क.स. | नाम थर ठेगाना फोन नं. | पिर मर्का वा गुनासोको बिषय | सुधार र समाधानको सुझाव |
|---|---|---|---|
| १ | श्री निशान चौधरी | बजार व्यवस्थापन | स्थानिय संस्था संग समन्व्य |
| २ | श्री दिल बहादुर राई | कोरोना, भौतिक तथा निर्माण र आय व्यय | स्थानिय संस्था संग समन्व्य |
| ३ | श्री बिपलब्ध अधिकारी | जेष्ठ नागरिक | स्थानिय संस्था संग समन्व्य |
| ४ | श्री पुष्प प्याकुरेल | भौतिक तथा निर्माण | स्थानिय संस्था संग समन्व्य |
| ५ | श्री धिरेन्द्र चौधरी | नागरिक प्रतिवेदन | स्थानिय संस्था संग समन्व्य |
| ६ | श्री किशोरी भट्टराई | आय व्यय | स्थानिय संस्था संग समन्व्य |
| ७ | श्री चुडा मणि सिग्देल | आय व्यय | स्थानिय संस्था संग समन्व्य |
| ८ | श्री नेत्र गौतम | स्वास्थ्य | स्थानिय संस्था संग समन्व्य |
| ९ | श्री केदार श्रेष्ठ | खानेपानी | स्थानिय संस्था संग समन्व्य |
| १० | श्री प्रकाश तामाङ्ग | भौतिक तथा निर्माण | स्थानिय संस्था संग समन्व्य |
| ११ | श्री नबिन चौधरी | कृषि | राजनैतिक दल तथा सामाजिक कार्यकर्ता |
| १२ | श्री रिसिकेश पराजुली | सरसफाई | स्थानिय संस्था संग समन्व्य |
| १३ | श्री सुरेश साह | भौतिक तथा निर्माण | स्थानिय संस्था संग समन्व्य |

**१४.सार्वजानिक सुनुवाई गर्न अपानाईका विबि :**

क) नागरिक प्रतिवेदन (citizen Report Card)

ख) बर्हिगमन अभिमत (exit poll)

ग) टोल बिकास संस्थाहरु ,ब्यापारीबर्ग,राजनैतिक दलहरु र संघ संस्थाहरलाई भेलाको जानकारी

घ) आम भेला तथा छलफल

ङ) कार्यबिधि २०७६,सम्बन्धित अचार संहिता २०७६ ।

**१५. <u>हाम्रो बुझाई</u>**

सुनसरी जिल्लाको ६ गाउँपालीका, ४ नगरपालीका र २ उप महानगरपालीकाहरुले गरेको चालु आर्थिक बर्षको काम कार्यवाहिहरुको बारेमा नेपाल सरकार, प्रचलित कानुन बमोजिम जवाफदेहि पादर्शिता र शुसासनकालागी अनिवार्य रुपमा सार्वजानिक सुनुवाई कार्यक्रम गर्नु पर्ने प्रावधान अन्तर्गत मिति २०७८।१२।३१ रामधुनी नगरपालिकामा गरिएको सार्वजानिक सुनुवाई कार्यक्रममा निम्न प्रकारको बुझाई रहेको छ ।

क) भादगाउँ सिनवारी र सिंगीया गाबिसलाई मिलाएर निर्माण गरीएको राधुनीभासी नगरपालीकालाई हाल आएर गाउँ र नगरपालीकाहरु पुनरब्यवस्थि तगर्ने क्रम्मा बक्लौरी गाबिसका सबै र डुम्राहा गाबिसका केहि वडाहरु मिलाएर रामधुनी नगरपालीका निर्माण गरिएको हो । यस नगरपालीकाको सिमाना पुर्वमा ईटहरी उपमहानगरपालीका,दक्षिणमा ईनरुवानगरपालीका,पश्चिममा बराह नगरपालीका तथा उत्तरमा धरान उपमहानगरपालीकासंग जोडिएको छ । यस नगरपालीकाको भु - उपयोगको अवस्थामा अधिकांस भुभाग कृषि क्षेत्रले ओगटेको छ । यस नगरपालीकाको २०७४ अनुसार जम्मा जनसंख्या हालको कुल जनसंख्या ६२८१६ जना रहेको छ । महिला २९७७३ जना र पुरुष २४८७८,धरधुरी ११४९१ र क्षेत्रफल ९१.९ बर्ग कि.मी.रहेको छ । यहाँका जनता सार्वजानिक सुनुवाई कार्यक्रममा निम्न प्रकारको बुझाई रहेको छ ।

यस नगरपालीकामा ९ वटा वडा, सामाजिक परिचालक संख्या २,वडा नागरीक मञ्च ९,नागरीक सचेतना केन्द्र ९,टोल किासको संख्या ११३ र शिक्षा तर्फ क्यामपस संख्या १,उ.मा.बि.५,उमाबि सहित २६,नि.मा.बि. ७,प्रा.बि. १६ वालबिकास केन्द्र ३२ वटा रहेको छ । यस कार्यलयमा कार्यरत कर्मचारी संख्या जम्मा ५५ जना रहेको छ जस्मा महिला १४ र पुरुष ४१ रहेको छ ।

ख) रामधुनी नगरपालीकाको चौतर्फि बिकासकालागी सम्बन्धित सबै सरोकारवालाहरु( राजनैतिक दल,बुद्धिजिवा,समाजसेवि,नागरीक समाज,कार्य क्षेत्र भित्रका सरकारी तथा गैर सरकारी संघ संस्थाहरु,नागरीक वडा मंच संगको सम्बन्ध बिस्तार राम्रो रहेको छ ।

ग)  रामधुनीनगरपालीकाबाट प्रवाह गरीने सबै प्रकारका सेवाहरु समय सापेक्ष प्रदान गरीएको समयमै कर्मचारीहरु उपस्थिती हुने गरेको, आफुले गरेका कामहरुको अभिलेख राख्ने गरेको,सामुहिक निर्णयको बिकास भएको पाइयो ।

घ)  यहाँका कर्मचारीहरु नेपाल सरकारबाट पाईने सेवा सुबिधाहरु लिने गरेको छैन र ९ बटै वार्डका वडा अध्यक्ष पदमा काम गरि रहेका वडा अध्यक्षहरु पनि कुनै किसिमका सुबिधाहरु नलिएको पाईयो ।

ङ)  रामधुनी नगरपालिकाको ९ वटै वार्डका ५०/५० जना संग नागरीक प्रतिवेदन ( citizen Report Card ) र बहिर्गमन अभिमत (exit poll) सर्वेक्षण गरिएको थियो सो को नतिजा तलको चार्टमा निम्न बमोजिम रहेको छ ।

१६.

१. नागरिक प्रतिवेदनको नतिजा(% मा )




२. बहिर्गमन अभिमतको नतिजा(% मा)




१७. फोटो




रामधुनी नगरपालीकाको प्रमुख प्रशासकिय अधिकृत श्री ओमकार न्यौपाने ज्युबाट दास्रो चौमासिक सार्वजानिक सुनुवाई कार्यकममा चालु आ.ब. को प्रगती प्रतिवेदन प्रस्तुत गर्दै ।
मिति २०७८।१२।३१




रामधुनी वडा नं. ७ का वडाअधयक्ष केशव गौतमले स्वागतमन्तब्य राख्नु हुदै



बिषयगत समिति र सेवा प्रदायक सरकारी कार्यलयका प्रतिनिधिबाट प्रतिवेदन प्रस्तुत गर्दै



सार्वजानीक सुनुवाई कार्यक्रमका सहभागीहरुले अफना भनाई राख्दै




कार्यक्रम सञ्चालन गर्दै शुभयुग मिडिया प्रा.ली.का शिसिर भट्टराई र सार्वजानिक सुनुवाई कार्यक्रममा सहभागीहरु






सार्वजानिक सुनुवाई कार्यक्रममा सहभागीहरु प्रश्न गर्दै




दोस्रो सार्वजानिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवालाहरु